सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
ओखलढुङ्गा

१ नं प्रदेश नेपाल

प.सः०७८/०७९
च.नः१३८३

मितिः२०७८।०९।१६

## आलु पकेट स्थापना कार्यक्रमको दरखास्त आव्हानको सूचना ।
**दोस्रो पटक प्रकाशित मितिः२०७८/०९/१६**

यस कार्यालयबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत प्रथम पटक प्रकाशन मिति २०७८।०८।२० को सुचना अनुसार १ वटा मात्र प्रस्ताप पेश हुन आएको हुदा दोस्रो पटक सुचना प्रशारण गरि आलु बालीको पकेट स्थापना कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले नगर क्षेत्रका सम्भावित आलु खेति हुने क्षेत्रका इच्छुक कृषि समूह/ कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/ कृषि फर्महरुले आवश्यक कागजातहरु सहित दोस्रो पटक प्रकाशित मितिले ७ (सात) औँ दिन अर्थात मिति २०७८/०९/२२ सम्म दिनको कार्यालय समय भित्र यस कार्यालयको कृषि विकास शाखामा दरखास्त दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पकेट सञ्चालन गरिने बाली

| क्र.सं | बाली/बस्तु | आवश्यक न्यूनतम क्षेत्रफल | प्रस्तावित पकेट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | आलु | ७ हेक्टर | ४ (चार) | प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल-२०७७ अनुसार सञ्चालन हुने । |

संलग्न राख्नुपर्ने कागजात एवम् शर्तहरुः

१. अनुसूचि-६ बमोजिम पकेट स्थापनाका लागि दिइने निवेदन ।
२. अनुसूचि-७ बमोजिमको विवरण ।
३. संस्था / फर्म दर्ताको प्रमाणपत्र / पान दर्ताको प्रतिलिपी(नविकरण गरेको भाग समेत देखिने गरी) साथै लेखा परीक्षण प्रतिवेदन प्रतिलिपी ।
४. कार्यक्रक सञ्चालन हुने स्थानको जग्गाधनी प्रमाणपुर्जा भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
५. अध्यक्ष लगाएत अन्य पकेट क्षेत्रमा संलग्न कृषक सदस्यको नागरिकताको प्रतिलिपी ।
६. पकेट माग गर्ने सम्बन्धि कार्य समितिको निर्णय प्रतिलिपी ।
७. कार्यक्रम सञ्चालन हुने वडा/ठाँउको सिफारिस ।
८. रु १० को हुलाक टिकट ।

**थप जानकारीका लागि कृषि शाखा प्रमुख भीम बहादुर दर्जी (सम्पर्क नं ९८५११६३३८०) र ना.प्रा.स विरेन्द्र तामाङ (सम्पर्क नं ९८५२०६११०३) लाई सम्पर्क गर्न सकिने छ ।**

महेन्द्रराज राई
निमित्त प्रमुख प्रशासकीय अधिकृत